नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
( प्रशासन शाखा )
मिनभवन, काठमाडौं, नेपाल

फोन नं. ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं. ४१०६७५७
इमेल : info@dos.gov.np

पत्र संख्याः- २०७६/७७/१/११
प्राप्त पत्र संख्याः..............
च.नं.: १०६२

मिति : २०७६/११/२२

**विषयः- जानकारी एवम आवश्यक कार्याथ ।**

**श्री स्थलरुप नापी तथा भूउपयोग व्यवस्थापन महाशाखा, नापी विभाग ।**
**श्री कित्तानापी महाशाखा, नापी विभाग ।**
**श्री खगोल तथा भूमापन महाशाखा, नापी विभाग ।**
**श्री भौगोलिक सूचना पूर्वाधार महाशाखा, नापी विभाग ।**
**श्री विशेष नापी कार्यालयहरु ।**
**श्री नापी कार्यालयहरु ।**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं १४८७ मिति २०७६।११।१८ को पत्रसाथ प्राप्त हुन आएको वन तथा वातावरण मन्त्रालयको पत्रानुसार आगामी जुन ५, २०२० विश्व वातावरण दिवशको अवसरमा वातावरण संरक्षण तथा प्रबर्द्धनको कार्यमा योगदान पुर्याउने व्यक्ति/संघ संस्था/समुदायलाई पुरस्कार तथा कदरपत्र प्रदान गर्ने उद्देश्यले आवेदन माग भएको सूचना जानकारी एवम आवश्यक कार्याथ उक्त सूचनाको छाया प्रति यसै साथ संलग्न राखि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७६।११।२३

**( धृता कुमारी खत्री )**
**शाखा अधिकृत**

**बोधार्थ :**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा , नापी विभाग : Website मा प्रविष्ट गरिदिनुहुन ।

**नेपाल सरकार**

# वन तथा वातावरण मन्त्रालय

**सिंहदरबार, काठमाडौं**

## वातावरण संरक्षण पुरस्कारका लागि आवेदन माग सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७६।११।१२)**

यस मन्त्रालयले विश्व वातावरण दिवस, २०२० को अवसरमा नेपालको वातावरण संरक्षण तथा प्रवर्द्धनको क्षेत्रमा योगदान पुऱ्याउने संघ/संस्था/व्यक्ति/समुदायलाई विभिन्न पाँच विधा (**वातावरण संरक्षण पुरस्कार, वातावरण संरक्षणमा महिला पुरस्कार, वातावरण मैत्री उद्योग पुरस्कार, उत्कृष्ट वातावरण पत्रकार पुरस्कार, जलवायु परिवर्तन व्यवस्थापन पुरस्कार**) मा वातावरण संरक्षण पुरस्कार एवम् कदरपत्र प्रदान गर्ने कार्यक्रम रहेकोले वातावरण संरक्षण तथा सम्वर्द्धनको क्षेत्रमा काम गरिरहेका संघ/संस्था/ व्यक्ति/समुदायले आफुले गरेको विशिष्ट कार्यहरुको विवरण तथा आवश्यक कागजात सहित सम्बन्धित निकायको सिफारिस भए सो समेत संलग्न गरी सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस मन्त्रालयमा पुग्ने गरी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारी तथा सम्बन्धित विधाको निवेदनको ढाँचाको लागि यस मन्त्रालयको website: www.mofe.gov.np मा हेर्नुहुन वा यस मन्त्रालयमा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ ।